आज मिति २०७८ /०३/०६ गते प्रमुख जिल्ला अधिकारी श्री मनमाँया भट्टराई पंगेनीको अध्यक्षता र देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को वैठक बसी निम्नानुसार निर्णय गरियो ।

**<u>उपस्थिति</u>**

प्र.जि.अ. श्री मनमाँया भट्टराई पंगेनी, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

स.प्र.जि.अ. श्री मोहन बहादुर थापा, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्रमुख सेनानी श्री शारदा भक्त माटांगुलु, श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण नवलपरासी (व.सु.पू.)

प्र.उ. श्री प्रकाश मल्ल , जिल्ला प्रहरी कार्यालय, नवलपरासी (व.सु.पू.)

उप.अनु.नि.श्री रमेश चन्द्र यादव, राष्ट्रिय अनुसन्धान जि.का.न.प.(व.सु.पू.)

स.प्र.ना.उ. श्री विर भद्र नाथ, स.प्र.वल नेपाल नं. ३१ गुल्म न.प. (ब.सु.पू.)

~~नि.जि.स.अ.श्री भागिरथ रेग्मी, जिल्ला समन्वय समिति, नवलपरासी~~ (ब.सु.पू.)

कार्यालय प्रमुख श्री केशव प्रसाद चापागाई, स्वास्थ्य कार्यालय, न.प. (ब.सु.पू.)

मे.सु. डा. वीर बहादुर थापा, मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (व.सु.पू.)

प्र.अ. श्री आनन्द शर्मा भुसाल, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

डा. शिवराज न्यौपाने, मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (व.सु.पू.)

नि.जि.स.अ.श्री भागिरथ रेग्मि, जिल्ला समन्वय समिति, नवलपरासी (व.सु.पू.)

सभापती श्री मदनभक्त अधिकारी, नेपाल रेडक्रस सोसाइटी नवलपरासी (व.सु.पू.)

सभापती श्री विरेन्द्र पराजुली,नेपाल पत्रकार माहासंघ नवलपरासी (व.सु.पू.)

अध्यक्ष श्री अमृत भट्टचन,उद्योग बाणिज्य संघ गैडाकोट

महासचिव श्री बैकुण्ठ अर्याल नवलपुर उद्योग बाणिज्य संघ

अध्यक्ष श्री कमल नारायण श्रेष्ठ, नेपाल औषधि व्यवसाय संघ नवलपरासी (व.सु.पू.)

**निर्णय नं. १ :**

यस जिल्ला भित्र बढ्दै गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण तिब्र रुपमा फैलदै गैरहेको अबस्थामा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२१ गते मंगलवार रातको १२:०० बजे देखि शुरु भई मिति २०७८।०३। ७ गते सोमबार रातको १२:०० बजेसम्म लागु हुनेगरी निषेधाज्ञा जारी भएकोमा कोभिड -१९ को सक्रमण घट्दै गईरहेतापनि जोखिम कायमै रहेको अवस्था भएको हुदाँ निषेधाज्ञा मिति २०७८।०३। ७ गते रातको १२:०० बजे बाट २०७८।०३।११गते रातको १२:०० बजे सम्म लागु हुने गरी निषेधाज्ञा जारी गर्न अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २ :**

व्यापार व्यवसाय संचालन गर्न पूर्व तयारीको लागि व्यावसायीहरुलाई एन्टीजिन टेस्ट गर्न स्वास्थ्य कार्यालयले किट उपलब्ध गराउने,सम्बन्धित पालिकाले आबश्यक किट माग गर्ने र स्वास्थ्यकर्मी परिचालन गर्ने तथा उद्योग वाणिज्य संघले समन्वय गरी कोभिड-१९ को परिक्षण गराउने निर्णय गरियो।

**निर्णय नं. ३ :**

मनसुनको समय भएको र सम्भावित विपद्लाई मध्य नजर गर्दै विपदमा खटिने सरोकारवाला निकायका पदाधिकारी तथा कर्मचारीहरुलाई अब प्राप्त हुने कोभिड-१९ विरुद्धको खोप उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ :**

अत्यावश्यक सेवा सँग सम्बन्धित निकायका पदाधिकारी तथा कर्मचारीहरुलाई खोप उपलब्ध गराई पाउ भनि पेट्रोललियम डिलर्स एशोसियसन लगायतका विभिन्न संघ संस्थाहरुले कोभिड विरुद्धको खोप अनिवार्य रुपमा दिनु पर्ने भनि माग राखी आएको हुदाँ अब प्राप्त हुने कोभिड -१९ विरुद्धको खोपको प्राथमिकतामा पेट्रोललियम डिलर्स एशोसियसन लगायतका विभिन्न संघ संस्थाहरुलाई प्राथमिकतामा राखी उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ :**

कोभिड -१९ को जोखिमलाई न्यून गर्ने सन्दर्भमा विभिन्न संघ संस्थाबाट अब प्राप्त हुने अक्सिजन कन्सन्ट्रेटर जिल्ला स्वास्थ्य कार्यालयलाई हस्तान्तरण गर्ने र नगरपालिका तथा गाउपालिकामा रहेका स्वास्थ्य संस्थाको आवश्यकता हेरी वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं. ६ :**

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को मिति २०७८।०२।३० गतेको बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। जिल्लामा मिति २०७८ बैशाखको सुरु देखि हालसम्म कोभिड-१९ का जम्मा संक्रमित ४३०५ जना, निको हुने ३७८७ जना, मृत्युहुने ७७ जना, र हाल सक्रिय संक्रमितको संख्या ४४१ जना रहेको सो मध्ये अस्पतालमा हाल उपचाररत ३३ जना रहेका र होम आइसुलेसनमा ४०८ जना रहेका। कुल संक्रमितको १०.२ प्रतिशत हाल सक्रिय रहेको ,१.७ प्रतिशत मृत्यु भएका, ८८.१ प्रतिशत निको भएका। सक्रिय संक्रमित मध्ये ७.४ प्रतिशत अस्पतालमा उपचाररत र ९२.६ प्रतिशत होमआईसोलेशनमा सामान्य अवस्थामा रहेका। जिल्लामा कोभिड -१९ संक्रमण दर घट्दो क्रममा रहेको भएतापनि संक्रमण जोखिम यथावत रहेको महसुस गरियो।